# मण्डनदेउपुर नगरपालिका

# नगर सभाको १४ औं अधिवेशन, २०८०

## को दोस्रो बैठकको कार्यसूची/एजेण्डाहरु

सभाध्यक्षः श्री टोकबहादुर तामाङ

मितिः २०८० माघ १५ गते सोमबार

स्थानः नगरसभा हल

| समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| ०९:१५ बजे देखि ०९:२० बजे सम्म | राष्ट्रिय गान | | |
| ०९:२० बजे देखि ०९:२५ बजे सम्म | सहिदप्रति मौन धारण | सभाध्यक्ष | |
| ०९:२५ बजे देखि ०९:३० बजे सम्म | सभाध्यक्षले सम्बोधन गरी सभाको बैठक आरम्भ | सभाध्यक्ष | |
| ०९:३० बजे देखि १०:१० बजे सम्म | पहिलो बैठकमा पेश भएका प्रस्तावहरु उपर दफावार छलफल | सभाध्यक्ष | |
| | क. आ.व. २०७९/०८० को वार्षिक आर्थिक प्रगति प्रतिवेदन तथा आ.व. २०८०/०८१ को अर्धवार्षिक आर्थिक प्रगति प्रतिवेदन पारित सम्बन्धमा। | | |
| | ख. मण्डनदेउपुर नगरपालिकाको विनियोजन ऐन २०८० को संशोधन गर्न बनेको विधेयक २०८० पारित सम्बन्धमा। | | |
| | ग. न्यायीक समितिको गतिविधि/प्रतिवेदन सम्बन्धमा। | | |
| | घ. आ.व. २०८०/०८१ मा सूचीकृत मेलमिलापकर्ताको सूची अनुमोदन सम्बन्धमा। | | |
| | ङ. नगरसभाको पुनर्गठित लेखा समितिको हाल सम्मका लेखापरिक्षण प्रतिवेदन र आवश्यक कागजातहरुको अध्ययन गरी बेरुजु फर्छ्यौट, नियमित तथा असुलउपर सम्बन्धी कारवाही सहितको प्रतिवेदन पारित सम्बन्धमा। | | |
| | च. विगत वर्षदेखी यस नगरकार्यपालिका कार्यालय तथा अन्तर्गतका कार्यालयमा कार्यरत अस्थायी, करार, ज्यालादारी कर्मचारीको सेवा चालु आ.व. को असार मसान्तसम्म थप सम्बन्धमा। | | |
| | छ. नगरकार्यपालिकाको कार्यालय भवन स्थानान्तरण तथा उद्घाटन सम्बन्धमा। | | |
| १०:१० बजे देखि १०:२० बजे सम्म | शहरी फोहोर प्रशोधन तथा प्राङ्गारिक मल उत्पादन कारखाना निर्माण गर्न स्थान छनौट र जग्गा प्राप्ति सम्बन्धमा। | सभाध्यक्ष | |
| १०:२० बजे देखि १०:५० बजे सम्म | नगरसभाको १४ औं अधिवेशन को दोस्रो बैठकमा दफावार छलफलमा उठेका विषयवस्तुको सम्बोधन सहित दोस्रो बैठक तथा नगरसभा १४औं अधिवेशन समापन सम्बन्धमा। | सभाध्यक्ष | |
| ११:०० बजे देखि | खाना | | |

टोक बहादुर वाइबा
नगरप्रमुख

## नगरसभाको १४ औं अधिवेशन, दोस्रो बैठकका निर्णयहरु

१. नगरसभाको १४औं अधिवेशनको पहिलो बैठकमा पेश भएका तपसिलका ऐन, प्रतिवेदन र प्रस्तावहरुमा नगरसभा सदस्यहरुबाट प्रस्तुत भएका विषय वस्तुहरु उपर दफावार छलफल गरि संशोधन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

क. मण्डनदेउपुर नगरपालिकाको विनियोजन ऐन, २०८० लाई संशोधन गर्ने बनेको विधेयक, २०८०

ख. आर्थिक वर्ष २०७९/८० को वार्षिक प्रगति प्रतिवेदन (आर्थिक प्रतिवेदन समेत) र आर्थिक वर्ष २०८०/८१ को अर्धवार्षिक प्रगति प्रतिवेदन (आर्थिक प्रतिवेदन समेत),

ग. न्यायिक समितिको अर्धवार्षिक प्रगति प्रतिवेदन,

घ. आर्थिक वर्ष २०८०/८१ का लागि सूचिकृत मेलमिलाप कर्ताको सूचि,

ङ. यस नगरपालिका र अन्तरगतका कार्यालयमा कार्यरत अस्थायी, करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको सेवा करार चालु आ.व.को पौष मसान्त सम्मका लागि गरिएको म्याद थपको निर्णय अनुमोदन गर्ने साथै चालु आ.व. २०८०/८१ को माघ देखि असार मसान्त सम्मका लागि आवश्यक पर्ने अस्थायी करार तथा ज्यालादारी कर्मचारीको सेवा सम्वन्धी निर्णय गर्न नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने।

२. यस नगरपालिका र अन्तर्गत आवश्यक पर्ने राष्ट्रसेवक कर्मचारीको संख्या र अतिरिक्त सेवा सुविधा यकिन गर्न संगठन तथा व्यवस्थापन (ONM) सम्बन्धि प्रतिवदेन तयार गरी आगामी नगरसभामा पेश गर्ने गरी नगर कर्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

३. नगरपालिका कार्यालयको प्रमुख प्रशासनिक भवन आफ्नै नवनिर्मित भवनमा स्थानान्तरण गरिएको निर्णय अनुमोदन गर्ने र यहि २०८० फाल्गुन २७ गते नगरपालिका स्थापना दिवसको अवसरमा नवनिर्मित भवन उद्घाटन कार्यक्रम आयृोजना गर्न नगरकार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो।

४. शहरी फोहोर प्रशोधन तथा प्राङ्गारिक मल उत्पादन कारखाना निर्माण तथा संचालन गर्ने सम्बन्धमा यस अघि निर्णय भई पहल गरिएका स्थानहरुमा सामुदायिक वन क्षेत्र रहेको र सम्बन्धित निकायको स्वीकृत कार्ययोजना प्राप्त नभएको तथा निजि जग्गा अधिग्रहण (प्राप्ती) गर्न बजेट अभाव भएको साथै मण्डनदेउपुर नगरपालिकाको हाल निर्माणधिन उद्योगग्राम स्थलमा शहरी फोहोर प्रशोधन तथा प्राङ्गारिक मल उत्पादन कारखाना निर्माण तथा संचालन गर्न समेत सान्दर्भिक हुने देखिएकोले शहरी फोहोर प्रशोधन तथा प्राङ्गारिक मल उत्पादन कारखाना निर्माण तथा संचालन का लागि मण्डनदेउपुर नगरपालिका वडा नं. ६ गैहीचौरमा रहेको उद्योगग्रामको

आवश्यक क्षेत्रफलको जग्गा उपयोग गरि कारखाना निर्माण तथा संचालन गर्ने निर्णय गरियो। साथै उक्त कार्यका लागि उपयुक्त अन्य विकल्पहरु समेत खोजि गर्ने निर्णय गरियो ।

५. यस नगरपलिकाको समृद्धि योगदान पुऱ्याउने गरि नगरका विभिन्न वडाहरुमा निजी क्षेत्रको जग्गा प्राप्ति गरि एवम वनजंगल वाहेकका ऐलानी पर्ति जग्गाहरु एकिकरण गरी पर्यटन पूर्वाधार तथा नमुना सहर निर्माण गर्न सार्वजनिक निजी साझेदारी गर्ने नगरकार्यपालिकाको ३२ औं बैठकको निर्णय अनुमोदन गर्ने निर्णय गरियो। साथै, उपरोक्त कार्यका लागि आवश्यक पर्ने कानूनको मस्यौदा तयार गरी आगामी नगरसभामा पेश गर्न कार्यपालिकालाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

६. नगरपालिकाको बेरुजु फर्छ्यौट सम्बन्धमा बेरुजु फछ्यौट कार्यदलको सिफारिसमा नगरको लेखा समितिले पेश गरेको प्रतिवेदन पारित गर्दै बेरुजु फर्छ्यौटका लागि सम्बन्धित निकायमा अनुरोध गर्ने र उक्त प्रतिवेदन कार्यान्वय गर्न कार्यपालिका लाई जिम्मेवारी प्रदान गर्ने निर्णय गरियो ।

७. नगरसभाको १३ औं अधिवेशन देखि नगरसभाको १४औं अधिवेशनको अवधिमा नगरकार्यपालिकाको विभिन्न बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो।